निर्णयहरु

१.धेरै मानिसहरु भेला हुने खालका कुनै पनि गतिविधिहरु (सभा, सम्मेलन, मेला, महोत्सव, गोष्ठी, सेमिनार आदि) आयोजना वा संचालन नगर्न सबैमा अनुरोध गर्ने ।

२. शिक्षा कार्यालयबाट संचालन हुने SEE परिक्षा केन्द्रहरुमा Health Desk संचालन गर्ने । ज्वरो वा अन्य संकास्पद लक्षण देखिएका परिक्षार्थीहरुलाई छुट्टै राखेर परिक्षा दिने व्यवस्था मिलाउने ।

३. तातोपानी नाकामा हेल्थ डेस्क संचालन तयारी अवस्थामा रहेकोमा भोटेकोशी गा.पा. को समन्वयमा हेल्थ डेस्क सगै Isolation कोठाको पनि व्यवस्थापन गर्ने । हेल्थ डेस्कमा कार्यरत डा. सन्देश ढकाल (मो. नं. ९८४११४७१७७) लाई तातोपानी हेल्थ डेस्कको सुचना अधिकारी तोक्ने ।

४. चौतारा अस्पतालमा स्थान अभावका कारण Isolation Ward को लागि छुट्टै कोठा व्यवस्था गर्न कठिनाई भएकोले नेपाल रेडक्रस सोसाइटीको सहयोग र समन्वयमा खाली ठाउँमा टेन्ट राखी Isolation Ward को व्यवस्था गर्ने ।

५. जिल्लामा अत्यावश्यक औषधि, मास्क तथा अन्य उपभोग्य समाग्रीहरुको नियमित उपलब्धता र कालोबजारी नियन्त्रणको लागि अनुगमन गर्न सवै स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

६.स्वास्थ्य कार्यालय, नेपाल रेडक्रस सोसाइटी र स्वास्थ्य क्षेत्रमा कार्यरत गै.स.स. संग समन्वय वैठक वसी जिल्लामा मास्क सुपथ मुल्यमा उपलब्धताको लागि उपयुक्त उपाय (मास्क उत्पादन वा वजारबाट मास्क आयात) र सहज वितरणको व्यवस्था मिलाउने ।

७. जिल्ला भित्र रहेका हरेक सरकारी तथा गैरसरकारी कार्यालय वा सेवा प्रदायक निकायहरुले आफ्नो कार्यालयमा सेवा प्रदायक र सेवाग्राहीहरुलाई संक्रमणबाट वचाउन सेवाग्राहीको समेत पहुँचमा रहने गरी Hand Sanitizer वा साबुन पानीले हातधुने सुविधा उपलब्ध गराउने, सेवा प्रदायकले मास्क र पन्जा प्रयोग गर्ने, सकेसम्म सेवा प्रदायक–सेवाग्राही, सेवाग्राही–सेवाग्राही विच दुरी कायम गराउने, कार्यालयका फर्निचर, सामाग्रीहरु र कार्यालय परिसरमा Antiseptic झोल वा स्प्रे प्रयोग गरी बेला वेलामा सरसफाई गर्ने लगायतका संक्रमण रोकथामका उपायहरु अपनाउने ।

८. जिल्ला र पालिकाहरुमा RRT गठन, अभिमुखिकरण र परिचालन गर्ने ।

९. जिल्ला र पालिकाहरुले आकस्मिक औषधि/सामाग्रीहरुको Buffer Stock व्यवस्थापन गर्ने ।

१०.नेपाल रेडक्रस सोसाइटीले Health/Help Desk र आवश्यकता अनुसार अन्य स्थानहरुमा एम्बुलेन्स परिचालनमा समन्वय गर्ने । एम्बुलेन्स चालकहरुलाई अभिमुखिकरण गर्ने । स्वयंसेवकहरुलाई अभिमुखिकरण र परिचालन गर्ने । सचेतना अभियान संचालन गर्ने ।

११. हाल नेपाल प्रहरीबाट संचालन गरिएको जिल्लाका प्रमुख प्रवेशद्वार र मुख्य केन्द्रहरुमा सुचना सामाग्रीहरु सहित Help Desk संचालन र सचेतना अभियानलाई निरन्तरता दिने । संभावित विरामी रिफर गर्दा र रोग देखिएको अवस्थामा सुरक्षा निकायहरुबाट सुरक्षा व्यवस्था मिलाउने ।

१२. राजनितिक दलहरु, सामाजिक संघ संस्थाहरु, गै.स.स., क्लव, आमा समुह, युवा समुह, आदि निकायहरुवाट आफ्ना सदस्यहरु मार्फत सचेतना अभियान संचालन गर्ने ।

१३. शिक्षा कार्यालय संगको समन्वयमा नेपाल स्काउटले स्वयंसेवकहरुलाई अभिमुखिकरण र परिचालन गर्ने ।

१४. हाल जिल्लामा Health Desk र अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीको लागि PPE/Mask/Non-contact Thermometer आदि पर्याप्त नभएको साथै वजेट समेत अभाव भएकोलेस्वास्थ्य सेवा विभागमा थप सामाग्री उपलब्धताको लागि र सामाजिक विकास मन्त्रालय, वागमती प्रदेशमा थप वजेटको लागि माग गर्ने ।

१५. विरामीको संख्याका अत्याधिक वृद्धि भई रिफर गर्न कठिनाइ हुने अवस्था आएमा जिल्ला भित्र नै Quarantine मा राख्नु पर्ने अवस्था हुनसक्ने भएकोले निम्नानुसारका सम्भावित स्थानहरुमा Quarantine स्थल वनाउन सकिने नसकिने वारे नेपाल प्रहरीको पहलमा स्थलगत सम्भाव्यता अध्ययन गर्ने ।

- पुर्वी क्षेत्रको लागि त्रिपुरासुन्दरी गा.पा. ७, तौथलीमा अवस्थित सामुदायिक भवन
- मध्यक्षेत्रको लागि चौतारा साँगाचोक गढी न.पा. अन्तर्गत मेलचौरमा अवस्थित सामुदायिक भवन
- पश्चिमी क्षेत्रको लागि मेलम्ची न.पा. अन्तर्गत लागि तिपेनीमा अवस्थित सामुदायिक भवन

१६. जिल्ला भित्रका सम्पुर्ण गाउँ/नगरपालिकाहरुमा निम्नानुसारका क्रियाकलापहरु संचालन गर्न गराउनको लागि अनुरोध गर्ने ।

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट परिपत्र भए अनुसार, वडा र पालिका स्तरमा समन्वय समिति गठन गर्ने ।
- पालिकाहरुवाट समुदाय स्तरमा सचेतना अभियान संचालन गर्ने ।
- पालिकाहरुमा विदेशवाट आएका मानिसहरुको विवरण राख्ने र २ हप्ता सम्म Self Quarantine मा बस्न लगाउने र २ हप्ता भित्रमा ज्वरो वा स्वासप्रस्वासमा समस्या देखा परेमा तुरुन्तै थप जाँचको लागि पठाउने ।
- पालिकाहरुमा द्रुत प्रतिकार्य टोली (RRT) गठन, अभिमुखिकरण र परिचालन गर्ने ।
- पालिकाहरुमा आकस्मिक औषधि/सामाग्रीहरुको Buffer Stock व्यवस्थापन गर्ने ।
- पालिकाहरुमा विपद सम्पर्क व्यक्ति तोक्ने ।
- हाललाई स्वास्थ्यकर्मीहरुलाई क्रियाविदा र सुत्केरी विदा वाहेक अन्य विदामा नछोड्ने ।